# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ संख्याः ०३ मितिः २०८१/११/२२

### भाग - १

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ सभाले बनाएको तल उल्लेख भए बमोजिमको **"मायादेवी गाउँपालिकाको नगर प्रहरी बल ऐन, २०८१"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मायादेवी गाउँपालिकाको नगर प्रहरी बल ऐन, २०८१

गाउँ सभाबाट स्वीकृत मितिः २०८१।११।१९

**प्रस्तावनाः**

नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई सञ्चालन एवं प्रभावकारी रूपमा परिचालन गरी मायादेवी गाउँपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्ध हासिल गर्न तथा सहरी सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरी मार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउन आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) खण्ड (क) र दफा १०२ (१) बमोजिम मायादेवी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम "**मायादेवी गाउँपालिकाको नगर प्रहरी बल ऐन, २०८१**" रहेको छ ।

ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

**क.** **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

**ख.** **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिकालाई सम्झनु पर्दछ।

**ग.** **"नगर प्रहरी"** भन्नाले मायादेवी गाउँपालिकाबाट करारमा लिई कामकाज गर्न खटिएको जनशक्ति सम्झनुपर्छ । सो शब्दले नगर प्रहरी सहायक हवल्दार र नगर प्रहरी जवान समेतलाई जनाउनेछ।

**घ.** **"आथिर्क वर्ष"** भन्नाले कुनै वर्षको श्रावण १ गते देखि अर्को वर्षको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

**ङ.** **"अध्यक्ष"** भन्नाले मायादेवी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

**च.** **"जनप्रतिनिधि"** भन्नाले मायादेवी गाउँपालिकाका जनप्रतिनिधिहरूलाई सम्झनु पर्दछ ।

**छ.** **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**ज.** **"समिति"** भन्नाले मायादेवी गाउँपालिकाको नगर प्रहरीको विभिन्न पदमा पदपूर्ति गर्न बनेको समिति सम्झनु पर्दछ ।

**झ.** **"वडा कार्यालय"** भन्नाले मायादेवी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनु पर्दछ ।

**ञ.** **"कार्यपालिका"** भन्नाले मायादेवी गाउँपालिका, नगर कार्यपालिका भन्ने सम्झनुपर्दछ ।

**ट.** **"सेवा करार"** भन्नाले यस ऐन बमोजिम स्वीकृत दर बन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद-२
## नगर प्रहरी बलको गठन, सञ्चालन एवं परिचालन

३. **नगर प्रहरी सेवाको गठनः** गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ। नगर प्रहरी सेवाका विभिन्न पदहरू र सो अन्तर्गत रहने नगर प्रहरी कर्मचारीको दरबन्दी सङ्ख्या गाउँ कार्यपालिकाले स्वीकृत गर्नेछ ।

४. **गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः** गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह देहाय अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| क. | प्रहरी हवल्दार | सहायकस्तर तेस्रो |
| ख. | नगर प्रहरी जवान | सहायकस्तर द्वितीय (नगर प्रहरी सहयोगी) |

## परिच्छेद-३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरीको काम, कर्तव्य र अधिकारः**
गाउँपालिकाले नगर प्रहरीको प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्ता कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## दरबन्दी सृजना, पदपूर्ति र सेवा करार सम्बन्धी व्यवस्था

६. **पद तथा दरबन्दी सृजना सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न पद/तह तथा दरबन्दीको सृजना र खारेजी सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

७. **पदपूर्ति सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरीका विभिन्न पदमा पदपूर्ति गर्न कानुन बमोजिम पदपूर्ति समिति गठन गरिनेछ र उक्त समितिको काम, कर्तव्य र अधिकार समेत निर्धारित गरिनेछ ।

(२) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यता, परीक्षा प्रणाली तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी पदपूर्तिको लागि समितिले लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रलाई अनुरोध गरी नियुक्ति हुन योग्य उम्मेदवारको नाम सिफारिस गर्न अनुरोध गर्न सक्नेछ ।

८. **सेवा करार सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरीको पदपूर्तिको लागि सेवा करार सम्बन्धी व्यवस्था कानुन बमोजिम हुनेछ।

## परिच्छेद-५

## पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

९. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधा सम्बन्धी व्यवस्था**

(१) पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नवीकरण गर्न सक्नेछ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएता पनि कार्य सम्पादन स्तर सन्तोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन।

## परिच्छेद-६

## आचरण

१०. **नगर प्रहरीको आचरणः**

नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नुपर्नेछ ।

क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृति विना कोही कसै सँगबाट दान, बक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुँदैन ।

ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुँदैन ।

ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरिद गर्नु पर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैङ्क ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण गाउँपालिकामा पेस गर्नु पर्नेछ।

ङ) गाउँपालिकाको स्वीकृति बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन।

च) गाउँपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरू गाउँपालिकाको अख्तियारी विना कोही कसैलाई दिनु हुँदैन ।

छ) रेडियो वा कुनै पत्र पत्रिकामा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुँदैन तर साहित्यिक रचनाहरू प्रकाशन गर्न पाइनेछ ।

ज) गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुँदैन । तर प्रचलित कानुन बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन ।

ञ) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

ट) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरू उपर उचित आदर देखाउनु पर्नेछ ।

ठ) आफ्नो मतलब साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुँदैन ।

## परिच्छेद-७

## सजाय र पुनरावेदन

**११.सजायः**

(१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहाय बमोजिम सजाय गर्न सकिनेछः

क) सामान्य सजायः

अ) नसिहत दिने ।

ख) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

अ) विशेष सजायः

- भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ।
- भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने ।

## परिच्छेद—८

## अवकाश, तलब भत्ता तथा पोसाक सम्बन्धी व्यवस्था

**१२.अनिवार्य अवकाशः**

उमेरको गणना तथा अवकाश सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**१३. सेवा करारमा नियुक्त हुने नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्थाः**

गाउँपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधाहरूका सम्बन्धमा गाउँ कार्यपालिकाले निर्णय गरी करार सम्झौतामा

उल्लेख गरिए बमोजिम उपलब्ध गराइनेछ । सो बाहेक अन्य सुविधा उपलब्ध हुने छैन ।

**१४.नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्थाः**

नगर प्रहरीको दरज्यानी चिन्ह, ब्याज, पोसाक किसिम सो को रङ्ग तथा निजले धारणा गर्ने सुरक्षा तथा सञ्चारका साधन यसै ऐन बमोजिम बनेको कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद-९

## विविध

**१५.तालीम तथा क्षमता विकास सम्बन्धी व्यवस्थाः**

नगर प्रहरीको तालीम तथा क्षमता विकास सम्बन्धी व्यवस्था कानुन बमोजिम हुनेछ ।

**१६.ऐन संशोधन तथा कानुन बनाई लागु गर्न सक्ने**

गाउँ सभाले यो ऐन कार्यान्वयन गर्ने क्रममा आवश्यकता अनुसार ऐन संशोधन तथा कानुन निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत